# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 31.01.2025**

---

***Parliament President Address***

रास्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भन्नुभएको छ।

सरकारले देशको विकास र मानिसहरूको कल्याणका लागि काम गरिरहेछ।

संसदको बजट सत्रको पहिलो दिन आज दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै रास्ट्रपतिले सरकारका विभिन्न योजनाहरूबारे प्रकाश पार्नुभयो।

श्रीमती मुर्मुले भन्नुभयो देशभरिमा अझै अरू तीन करोड़ परिवारहरूलाई घर उपलब्ध गराउन प्रधानमन्त्री आवास योजनाको विस्तार गर्ने निर्णय लिइएको छ।

धरती आबा जनजाति ग्राम उत्कर्ष अभियान पाँच करोड़ जनजाति मानिसहरूका लागि शुरू गरिएको कुरो बताउँदै रास्ट्रपतिले भन्नुभयो सरकारको मुख्य ध्यान युवाहरूको शिक्षा र रोजगारका नयाँ अवसरहरू सृजना गर्नु रहेको छ।

देशमा सुदृढ़ डिजिटल ढाँचाको निर्माणका लागि गरिएको पहलबारे बोल्दै श्रीमती मुर्मुले भन्नुभयो सरकारले सामाजिक न्याय र समानताका लागि डिजिटल टेक्नोलजीलाई माध्यमको रूपमा अप्नाएको छ अनि आर्टिफिशियल इन्टेलिजेन्सको क्षेत्रमा भारतले एआई मिशन शुरू गरेको छ।

---

***PM Budget***

यसैवीच संसदको बजट सत्रको शुरूवातअघि मीडिया सँगको कुराकानीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विश्वास ब्यक्त गर्दै भन्नुभयो दुई हजार सैंतालिस सालमा भारतले आफ्नो स्वतन्त्रताको सय वर्ष पूरा गर्दा देशले विकसित भारतको आफ्नो संकल्पलाई पूरा गर्नेछ।

श्री मोदीले संसदका सबै सदस्यहरूसित देशलाई विकसित रास्ट्र बनाउमा योगदान दिने अपील पनि गर्नुभएको छ।

---

***Economic Survey***

वित्त वर्ष 2025 मा देशको वास्तविक सकल घरेलु उत्पाद जीडीपीमा छ दशमलउ चार प्रतिशतको वृध्दिको अनुमान छ।

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनद्वारा आज संसदको दुवै सदनमा प्रस्तुत गरिएको आर्थिक सर्वेक्षणमा यस्तो अनुमान गरिएको छ।

आर्थिक सर्वेक्षणमा भनिएको छ देशले कृषि र सेवा क्षेत्रद्वारा समर्थित स्थिर आर्थिक विकास प्रदर्शित गरेको छ।

यसैबीच वित्त मन्त्रीले भोलि केन्द्रीय बजट प्रस्तुत गर्नुहुनेछ।

बजटलाई लिएर मानिसहरूले धेरै आशा गरेका छन्।

नाम्ची जिल्लाको पोक्लोक ग्राम पञ्चायत क्षेत्रका कृषक श्री रेवती शर्मा भन्नुहुन्छ।

Byte…

---

***Awards***

वरिस्ठ साहित्यकार श्री थीरूप्रसाद नेपाललाई यस वर्षको तुल्सी कश्यप समृति पुरस्कारले अलंकृत गरिने भएको छ।

उहाँको कथा सङ्ग्रह 'एक आंगन घाम' लाई यो पुरस्कार प्रदान गरिने भएको हो।

नेपाली साहित्य परिषद सिक्किम र तुलसीराम शर्मा कश्यप प्रतिस्ठानको संयुक्त तत्वावधानमा आउँदो एघार फरवरीका दिन तुलसी कश्यप जयन्तीका अवसरमा गान्तोकमा आयोजित हुने समारोहमा श्री नेपाललाई प्ररस्कृत गरिनेछ।

पुरस्कारको रूपमा एकाउन्न हजार रूपियाँ नगद राशि, समृति चिन्ह र प्रसस्ति पत्र प्रदान गरिनेछ।

---

***Training Digital Marketing***

गृहवास अर्थात होमस्टे मालिकहरूका लागि डिजिटल क्रयविक्रय र ब्यापार प्रवन्धनमाथि पन्ध्रदिने लामो प्रशिक्षण कार्यक्रम आज सम्पन्न भयो।

सिक्किम Inspires पहल अन्तर्गत होटेल प्रवन्धन संस्थान साजोङसित मिलेर यसको ओजना पर्यटन तथा नागरिक उड्डयन विभागले गरेको थियो।

समापन समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै पर्यटन सचिव श्री प्रकाश छेत्रीले ग्रामीण अर्थव्यवस्थाको प्रवर्ध्दनमा होमस्टेको महत्व माथि जोड़ दिनुभयो।

---

***Karate***

पहिलो सिक्किम खुला अन्तर्रास्ट्रिय कराते च्याम्पियनशीप 2025 गान्तोकको पाल्जोर स्टेडियमको Indoor Gymnasium मा हिजो साँझ सम्पन्न भयो।

सिक्किम राज्य कराते डो संघद्वारा आयोजित च्याम्पियनशीपमा भारतबाट बिहार,पश्चिम बंगाल, झारखण्ड र पूर्वोत्तर राज्यहरू लगायत जापान, भुटान र नेपालका गरी सातसय भन्दा धेरै खेलाड़ीहरूले भाग लिए।

यी मध्ये सिक्किमका लगभग दुईसय जना खेलाड़ीहरू टीम इण्डियामा सामेल थिए।

च्याम्पियनशीपमा सर्वाधिक पदकहरू जितेर Team इण्डिया च्याम्पियन भयो भने दोस्रो स्थान नेपाल टीमले प्राप्त गरयो।

---

***Weather***

राज्यमा विगत केही दिनदेखि आकाशमा बादल छाएकाले जाड़ोको प्रकोप बढ़ेको छ। यसो हुँदा सामान्य जनजीवन प्रभावित भएको छ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान एघार दशमलउ तीन डिग्री सेल्सियस र न्यूनतम तापमान सात दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि अधिकतम तापमान बाह डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।

---